प्रशासन, सार्वजनिक प्रशासन सम्वन्धी पत्रिका
वर्ष ३३, अंक २, पूर्णाङ्क ९२ , जेष्ठ २०५९

# बहुदलीय प्रजातान्त्रिक पद्धतिमा निजामती सेवाको भूमिका



सुरेश अधिकारी[♦]

## १. इतिहासको छायांकन

राणाकालीन कुलीनतन्त्रीय नोकरशाहीको भग्नावशेषमा स्थापित नेपालको निजामती सेवाले वितेका पाँच दशकमा राष्ट्रव्यापी रुपमा गुणतन्त्रीय संरचनात्मक सञ्जाल स्थापित गरेको छ । प्रशासनिक संस्थाहरुको स्थापना, विधि निर्माण र कर्मचारीयन्त्रको व्यवस्थापन सिनेमाका दृष्य जस्तै सनसनीपूर्ण, कौतूहलयुक्त, निराशा र रोमाञ्चक भएर गुज्रेको इतिहासको अध्ययनबाट देख्न सकिन्छ । वारम्वार द्वन्दको क्षणबाट गुज्रेको निजामती सेवाले पञ्चायतकालीन एकदलीय व्यवस्थामा सधै राजनीतिको नायकत्वमा आफु संरक्षित र प्रोत्साहित भएको अनुभूति गरिरहेको पाइन्छ ।

२००७ सालमा लोकतन्त्रको स्थापना पश्चात् निजामती सेवाको संस्थागत विकासको परिकल्पना गरिएको हो । लोक सेवा आयोगको स्थापनाबाट योग्य व्यक्तिको छनौट प्रारम्भ भएपछि कर्मचारीतन्त्रले औपचारिक मान्यता पायो । प्रशासन सुधारका प्रयास २००९ देखि शुरु भई सांगठनिक, व्यवस्थापकीय, वैधानिक व्यवस्थालाई प्रणालीगत (Systematic) स्वरुप दिन थालियो । टंक प्रसाद आचार्यको अध्यक्षतामा गठित प्रशासन पुनर्गठन आयोग, २०१३ यस दिशामा कोशेढुंगा सावित भयो र यसले जग हाल्यो आधुनिक निजामती सेवाको । निजामती सेवा ऐन नियमको व्यवस्थाले निजामती सेवाको वैधता मात्र दर्शाएन यसको सु-सञ्चालनमा समेत ओजपूर्ण भूमिका राख्यो ।

♦ शाखा अधिकृत, गृह मन्त्रालय ।

सक्षम, कुशल, निश्पक्ष, जवाफदेही, प्रतिवद्ध निजामती सेवाको आवश्यकतालाई यसपछिका सबै प्रशासन सुधार आयोगहरुले जोड्दार रुपमा प्रस्तुत गरे । सेवाको कुशल व्यवस्थापन र कानूनी दायराको सुनिश्चितता एवं पद्धतिको प्रवर्द्धनका लागि निजामती सेवासंग सम्वद्ध कानूनहरु बने । प्रशासन सुधार आयोग, २०४८ त्यो पछिल्लो महत्वपूर्ण दस्तावेज हो, जसले निजामती सेवाको समष्टिगत अध्ययन गरी हरपक्षमा सुधारको खोज गऱ्यो । वर्तमान निजामती सेवा ऐन, नियम मार्फत पनि यसका धेरै सुझावहरुले कानूनी मान्यता पाइसकेका छन् ।

निजामती सेवाको इतिहास सरल ढंगले सलसली बगेको भने छैन । प्रत्येक प्रशासन सुधार आयोगहरुले संरचनात्मक पक्षमा जोड दिंदै सांगठनिक संरचनालाई चुस्त बनाउन सिफारिश गरे । तर मन्त्रालय, विभाग वा कार्यालय थपिंदै गए । स्थायी वा अस्थायी रुपमा कर्मचारी संख्या बढ्यो । निजामती सेवाका शर्तहरुमा भएका वारम्वारका हेराफेरीले सेवाको स्थायित्वलाई मात्र चुनौति दिएनन् निजामती सेवा र यसमा कार्यरत कर्मचारीको भविष्य के हुने ? भन्ने नै अनिश्चित गरिदिए । सीमित उच्चपदस्थ र प्रभावशाली कर्मचारीहरुको स्वार्थ, फाइदा, वृत्ति विकास र प्रोत्साहनका खातिर निजामती सेवा नियमावली, २०२१ मा २९ पटकसम्म संशोधन गरिएका घटना सबैलाई थाहा छ । यतिमात्र नभएर हुकुम प्रमांङ्गी जस्तो कुलीनतन्त्रीय पद्धतिलाई गुणतन्त्रीय निजामती सेवामा समाहित गर्ने जस्ता विकृत कार्य नभएका होइनन् । निजामती सेवाको बाहिरी भऱ्यांङ्ग चढेर उच्च तहमा पुग्ने परिपाटीले परम्परागत चाकडी प्रथालाई मलजल नगरेको पनि होइन । सुखद: कुरा के भने अब यो स्थिति छैन ।

## २. दलीय तटस्थता

प्रजातन्त्रको पुनर्वहाली पश्चात: निजामती सेवाको प्रवृत्ति पद्धति र धारणामा व्यापक परिवर्तन आयो । आर्थिक उदारीकरण, राजनैतिक स्वतन्त्रता, सामाजिक उन्मूक्ति एवं अन्तर्राष्ट्रिय दृष्टिकोणमा आएका परिवर्तनले निजामती सेवालाई गतिशिल, उत्पादनमुखी, नागरिकप्रति जवाफदेही, तटस्थ र प्रतिवद्ध हुन कर लगाउन थाले । नेपाल अधिराज्यको प्रजातान्त्रिक संविधानले निजामती सेवालाई संवैधानिक मान्यता प्रदान गऱ्यो । बढ्दो जन-अपेक्षाका कारण निजामती सेवाको कार्यशैली तथा कार्य प्रणालीमा सुधार गर्दै उदार र जनमुखि बन्न यसलाई घच्घच्याइयो ।

बहुदलीय प्रजातान्त्रिक पद्धतिमा विभिन्न राजनैतिक दलहरुले राष्ट्रिय राजनीतिमा आफ्नो क्षमता अनुसारको भूमिका निर्वाह गर्छन । निजामती सेवा सरकारको प्रमुख कार्यकारी अंग भएकोले स्वभाविक रुपमा सरकारद्वारा तर्जुमा हुने नीतिको कार्यान्वयन गर्ने दायित्व यसमा रहन्छ । निजामती सेवा आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा सरकारप्रति समेत जवाफदेही रहन्छ । सरकारको अवधारणालाई व्यवहारिक रुप दिने निकाय पनि निजामती सेवा नै हो । यसर्थ यो प्रतिवद्ध रहन्छ सरकार प्रति । सामान्यत: प्रतिनिधि सभामा बहुमत प्राप्त दलकै सरकार रहेको हुन्छ । यस्तो भनेर निजामती सेवा बहुमत प्राप्त दल प्रति प्रद्धिवद्ध रहनुपर्छ भन्ने हैन । दलीय रुपमा तटस्थ रहनुपर्छ निजामती सेवा । पार्टीगत आस्था वा विचारका आधारमा विभाजित हुनुहुँदैन । विगतमा कर्मचारीहरुबाट भएका राजनैतिक क्रियाकलापले निजामती सेवालाई कमजोर मात्र बनाएनन्, यसका मूल्य र मान्यतामा समेत आँच आउने काम भयो । कर्मचारीले राजनैतिक आस्था प्रदर्शन गर्न नहुने धारणाले यतिखेर महत्व पाइसकेको छ र आचरणगत सुधारको आभाष मिलेको छ, जुन सकारात्मक पक्ष हो ।

(३) **सामाजिक सन्तुलन**

बहुदलीय व्यवस्थामा बहुलवादी समाजका धारणाहरु तरंगित भएका हुन्छन् । अझ नेपाल जस्तो बहुजातीय, बहुभाषिक, विविधतायुक्त भौगोलिक अवस्थिति भएको राष्ट्रमा जातीय, वर्गीय, भाषागत एवं क्षेत्रीय आधारमा विविध मागहरु उजागर हुने गरेका छन् । यिनले प्रशासनलाई समेत मनग्गे प्रभाव पार्दछन् । सबै वर्ग र समुदायमा निश्पक्ष र प्रभावकारी सेवा पुऱ्याउन सकिएन भने राष्ट्रिय अखण्डता माथि नै चूनौति आइपर्छ । निजामती सेवाका क्रियाकलापहरु यसर्थ सन्तुलित हुनुपर्छ । निजामती सेवा र कर्मचारी सबैका लागि हुन भन्ने प्रत्याभूति दिनसक्नुपर्छ ।

(४) **खुलापन**

प्रजातन्त्रले जनताद्वरा जनताका लागि जनताको शासनलाई प्रत्याभूति दिन्छ । सार्वभौमसत्ता स्वतन्त्र नागरिकहरुमा निहीत रहने हुँदा राज्यका मालिक जनता नै हुन् । खुलापनमा आधारित लोक कल्याणकारी राज्यको स्थापना र विकास राज्यको उद्देश्य रहेका कारण राज्यको शासन व्यवस्था सम्बन्धमा जनतालाई सूचना एवं जानकारी हुनुपर्छ । यसैमा आधारित छ,

पारदर्शिताको सिद्धान्त । निजामती सेवा शासन व्यवस्थाको अपरिहार्य अंग हो । शासन सञ्चालनसंग सम्वद्ध अधिकांश सूचना यसैसंग हुन्छन् । अतः जनतालाई सु-सूचित गर्ने दायित्व पनि निजामती सेवा कै हो । दैनिक प्रशासनिक क्रियाकलापहरुका सम्बन्धमा नागरिकहरुलाई जानकारी गराइनु पर्छ । विकास गतिविधिका वारे जनसाधारणको चासो झन बढी रहन्छ । विकासका कार्य जनताका लागि भएकोले उनीहरुको सहभागिताका लागि समेत पारदर्शिता अपरिहार्य हुन्छ । खुला र उदारवादी शासन व्यवस्थाको आधारस्तम्भ नै सूचनाको अधिकार हो । यसले के स्पष्ट गर्छ भने वहुदलीय व्यवस्थामा निजामती सेवाका हर क्रियाकलाप पारदर्शी रहनुपर्छ ।

## (५) प्रतिस्पर्धात्मक क्षमता प्रवर्द्धन

प्रतिस्पर्धात्मक वातावरण प्रजातन्त्रको चारित्रिक विशेषता हो । जसरी राजनीतिक क्षेत्रमा विभिन्न दलहरु प्रतिस्पर्धा गरिरहेका हुन्छन्, जनसेवाका क्षेत्रमा विभिन्न निकायहरु आ-आफ्नो प्रभाव विस्तार गर्दै आफ्नो सक्षमता प्रदर्शन गरिरहन्छन् । जनतालाई सेवा पुर्‍याउने सरकारी प्रशासनको रुपमा निजामती सेवा परम्परागत रुपमा स्थापित छ । प्रजातन्त्रको उदय पश्चात् निजी क्षेत्र र गैर सरकारी संस्थाहरु आफ्ना कार्यक्रम र योजनासाथ मैदानमा उत्रन थाले । निजामती सेवा र सरकारी संस्थानका कार्यशैली माथि धावा बोल्दै गैर सरकारी क्षेत्रले आकर्षक कार्यपद्धतिको विकास गर्नथाल्यो । औद्योगिक, उत्पादनशील सेवा र सामाजिक क्षेत्रमा नवीन प्रविधिहरु भित्रिए नवस्थापित प्रतिस्ठानहरु मार्फत । नेपालको आकाशमा उड्ने निजी क्षेत्रका रंगी-विरंगी वायूयानहरुले ओझेलमा पारिदिए सरकारी वायुसेवालाई । दूधको लाइनमा विहान विताउनु पर्ने अवस्थाको अन्त्य मात्र भएन, ढिलासुस्तीका नमूना बनेका सरकारी वैंकहरुका नामै हराउने गरी कूशल व्यवस्थापनका निजी वैंकहरुले वृहत्त र बहुपक्षीय कार्यक्रम सहित आकर्षित गर्न थाले ग्राहकलाई । बहुराष्ट्रिय कम्पनीको आगमनले विश्व अर्थतन्त्रमा प्रवेश गर्‍यो नेपाल ।

परम्परागत प्रविधि र जनशक्तिबाट सञ्चालित निजामती सेवाले आधुनिक पद्धति र प्रविधिलाई आत्मसात गर्नुपर्ने खाँचोसंगै हैकमवादी प्रवृत्तिलाई जनसेवामुखी बन्नुपर्ने खाँचो समेत पर्नथाल्यो । अब त निजामती सेवाले आधुनिक व्यवस्थापनलाई नअंगालेर सुखै छैन । जन-विश्वासको कसीमा खरो उत्रन नसके कसैले सहानुभूति दर्शाउने छैन निजामती प्रशासन उपर ।

निजी र गैर सरकारी क्षेत्रले सेवा पुऱ्याउन नसकेका क्षेत्रमा निजामती सेवाको उपस्थिति अझ बढी प्रभावकारी रहनुपर्ने देखिएको छ । लगातार परिवृद्धि हुँदै गएका यी दायित्वलाई स्वीकार गर्नुपर्छ र पूरा पनि । यसैमा निर्भर रहन्छ सशक्त निजामती सेवाको भूमिका ।

(६) **विकेन्द्रित पद्धतिको सहयोगी**

प्रजातान्त्रिक पद्धतिले विकेन्द्रित शासन व्यवस्थालाई उच्च महत्व प्रदान गर्दछ । जनसहभागिताद्वारा जनताकै लागि विकास गर्नुपर्छ भन्ने दर्शनका आधारमा विकेन्द्रिंकरणको अवधारणाले मान्यता पाएको हो । स्थानीय श्रोत, साधन र क्षमताको समुचित उपयोग गरी यसलाई प्रतिफलमा परिणत गर्ने आदर्श लक्ष्य नेपालले पनि लिएको छ । सहभागितामा आधारित प्रजातान्त्रिक पद्धतिको संस्थागत विकासलाई विकेन्द्रित शासन प्रणालीले समेटेको हुन्छ । यस स्थितिमा निजामती सेवा केन्द्रीकृत शासन प्रणालीको मन्त्र अनुसार चल्नसक्दैन न त केन्द्रीकृत प्रशासनिक पद्धतिको संरक्षणमा आफूलाई प्रयोग नै गर्नसक्छ । अबको निजामती सेवा स्थानीय जनताको सहयोगी र सहकर्मीका रुपमा स्थापित हुनुपर्छ । स्थानीय निकायहरुले आ-आफ्नै कर्मचारीयन्त्र तयार गर्ने भएपनि निजामती सेवालाई प्रतिस्थापन भने गर्ने छैनन्, न यो सम्भव नै छ । ज्ञान, क्षमता, अनुभव, कार्यप्रकृतिका हिसाबले निजामती सेवाको भूमिका अवमूल्यन हुनेछैन । स्थानीय निकायहरुलाई आवश्यक पर्ने सेवा, क्षमता, विकास र प्रवर्द्धनात्मक कार्यका लागि अझ उपयोगी हुनेछ निजामती सेवा ।

(७) **प्रभावकारी विकास व्यवस्थापन**

विकास व्यवस्थापन निजामती सेवाको सर्वाधिक वोझिलो दायित्वका रुपमा रहेको छ । राष्ट्रिय बजेटको आधा अंश उपयोग र खर्च गर्ने विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिएन भने देशको अर्थतन्त्र मात्र धाराशायी हुनेछैन, राष्ट्रको शासकीय दक्षता र क्षमता माथि नै प्रश्न उठ्नेछ । यसो हुनुको अर्थ देशमा स्थापित प्रजातान्त्रिक व्यवस्था माथि नागरिक समुदायबाट अविश्वासको वाढी आउन थाल्नु हो । वितेका बाह्र वर्षमा विकास गतिविधिहरु उत्साहवर्द्धक नभए पनि सन्तोषजनक रुपमा रहेका छन् । विकास व्यवस्थापनको उत्कृष्टताका कारणले यो उपलव्धी हात परेको भने होइन । उदार अर्थतन्त्रले निम्त्याएको परिणति हो यो ।

यति भन्दैमा विकास प्रशासन हात बाँधेर बसेको भन्न चाँही मिल्दैन, तर जसरी प्रभावशाली हुनुपर्ने हो, त्यो भएको छैन । साधन, श्रोत र क्षमताको अभाव सन्निहित हुनसक्छन् यसमा । आजको विकास व्यवस्थापन एकलौटी ढंगमा चल्ने भने सक्दैन । निजी र गैर सरकारी क्षेत्रसंगको सहकार्य निरन्तर आवश्यक छ ।राष्ट्रिय विकास बजेटमा निजी क्षेत्रको योगदान दुई तिहाई हुनुले पुष्टी गर्छ यस तथ्यलाई । नागरिक समाजको पहिलो नजर पर्ने भएकोले पनि विकास प्रशासनका क्रियाकलाप जनमुखी हुनुपर्छ । यद्यपि अनियमितताका समाचार वारम्वार नआएमा होइनन्, तर अनियन्त्रित हुँदैनन् यस्ता क्रियाकलाप ।

## (८) स्पष्टवादिता

बहुदलीय व्यवस्थामा सरकार लोकप्रिय हुनचाहन्छ । लोकप्रिय हुनु उसको आवश्यकता र वाध्यता दुवै हो । जनरुचिकर हुने क्षमता सरकारको स्थुल संरचनाबाट मात्र सम्भव छैन । सरकारले आफ्ना नीति र कार्यक्रमको घोषणा मात्र गर्नसक्छ । सिद्धान्ततः उ सबै काम गर्छ । तर व्यवहारमा उसका सबै काम गरिदिन्छ निजामती सेवाले । त्यसैले निजामती सेवा सरकारको हात खुट्टा हो, सच्चा र सबभन्दा नजिकको इमान्दार सहयोगी पनि । निजामती सेवा नै वास्तविक सरकार हो भन्ने पनि गरिन्छ । जब निजामती सेवामा नै सरकार निर्भर रहन्छ भने निजामती सेवाले सरकारलाई उचित बाटोमा हिड्न पनि सल्लाह दिनसक्छ । यतिमात्र नभएर सेवाको सुदृढीकरणका लागि माग गर्नसक्छ सरकारसंग । विभिन्न सरकारी कार्यालयहरुमा भौतिक सामाग्री, सीपयुक्त जनशक्ति र अत्यावश्यक सुविधाको अभाव महसूस गरिएको छ । आफ्नो आवश्यकतालाई निर्धक्कसंग प्रकट गर्नसक्नुपर्छ, निजामती सेवाले । कयौं जिल्ला प्रशासकीय प्रमुखविहीन भएका समाचारहरु दैनिक रुपमा आउने गरेका छन् । यस्ता पदहरु आकर्षणविहीन भएका हुनसक्छन्, असुरक्षित भएका हुनसक्छन् । घचेटेर पठाउँदैमा कोही कुनै काम गर्न तयार हुँदैन । प्रोत्साहनका लागि माग उठाउन सकिन्छ सरकारसंग । यो दायित्व खासगरी उच्च व्यवस्थापनको हो । सबैले आँखा चिम्लेर समस्याको समाधान हुँदैन । सरकार समक्ष समस्या प्रस्तुत गर्न नसक्ने प्रवृत्तिले निजामती सेवा ग्रस्त छ, यसले अन्ततः सबैलाई बेफाइदा पुर्‍याउँछ ।

(९) **स्वतन्त्र निजामती सेवा**

प्रजातान्त्रिक पद्धतिमा निजामती सेवा समेत स्वतन्त्र हुनुपर्छ । यसको अर्थ राजनैतिक दलले जस्तै विचार वा आस्था प्रदर्शन गर्दै आफ्ना धारणा वा माग सार्वजनिक गर्ने भन्ने हैन । आफ्नो संगठन वा आफूले नेतृत्व गरेको प्रशासनिक इकाईका समस्या एवं अप्ठ्याराहरु दर्शाउने, निजामती सेवाको संरक्षण, संवर्द्धन र प्रभावकारिताका लागि आफ्ना धारणा सुस्पष्ट पार्न कञ्जुस्याई गर्नहुँदैन निजामती कर्मचारीले । हातखुट्टा बाँधेर दिइने अधिकार, अधिकार नभई चूनौति मात्र हो । त्यसैले यतिखेर व्यवस्थापकीय स्वायत्तताको विषय महत्वपूर्ण मुद्दाका रुपमा उजागर भएको छ । निश्चित कानूनी सीमा भित्र व्यवस्थापकलाई अधिकार र दायित्व निर्वाह गरी छूट दिइनुपर्छ प्रजातान्त्रिक निजामती सेवामा । निजामती सेवाका कानूनी शर्त, सुविधा र सेवा सुरक्षा जस्ता विषयमा हेराफेरी गर्ने कार्य 'कालो बाकस' बाट नभएर निजामती राष्ट्रसेवकहरुमाझ व्यापक छलफल, अन्तरक्रिया र सुझाव संकलनका आधारमा गरिनु पर्दछ । प्रत्येक निर्णयमा राजनैतिक हस्तक्षेपले निजामती सेवालाई सबल हैन, दुर्वल बनाउँछ । आफ्नो क्षेत्राधिकारका विषयमा राजनैतिक संकेतको अपेक्षा गर्ने प्रवृत्ति घातक हुनसक्छ प्रशासनिक उन्नयनका लागि । त्यसैले स्वतन्त्र रहनुपर्छ सापेक्षिक रुपमा मुलुकी प्रशासन ।

(१०) **सोझो जवाफदेहीता**

संसदीय शासन प्रणाली भएका मुलुकहरुमा स्वभावत: निजामती सेवाको जन-उत्तरदायित्व घुमाउरो रहने गर्छ । सरकारको कारिन्दाका हैसियतले निजामती प्रशासन सोझै सरकारप्रति उत्तरदायी रहन्छ । सरकार वा मन्त्रिपरिषद् प्रतिनिधिसभाप्रति जवाफदेही रहनुपर्ने संवैधानिक प्रावधान रहेको र जन-निर्वाचित प्रतिनिधि सभा स्पष्टत: जनताप्रति जिम्मेवार र उत्तरदायी रहेका कारण घुमाउरो रुपमा निजामती सेवा जन-उत्तरदायी रहेको हुन्छ । यसो भन्दैमा निजामती व्यवस्थापनले सोझो रुपमा जन-उत्तरदायी रहन छेकवार नलाएको मात्र हैन, आधुनिक व्यवस्थापनले त निजामती सेवा सोझै जनताप्रति जवाफदेही रहन आग्रह समेत गरेको छ । प्रत्येक प्रशासनिक संगठन वा इकाईहरुले आफ्ना कामकारवाही वारे जनतालाई सूचित गर्ने, उजुरी गुनासा सुन्ने कार्यलाई परिणाममुखी बनाउने, जन-सहभागिता अभिवृद्धि गर्ने, उपलव्धीहरुलाई जनताबाट

मूल्यांकन गराउने, दण्ड वा पुरस्कारको सिफारिश सम्वद्ध समूहबाट हुने प्रवन्ध मिलाउनु आवश्यक हुन्छ । लोकतन्त्रले कहिल्यै पनि जनइच्छालाई अंकूश नलगाउने हुँदा जन-उत्तरदायी बन्न निजामती सेवालाई रोक्दैन, बरु यसलाई प्रोत्साहित गर्छ । खाँचो छ केवल परिपाटीलाई संस्थागत गर्नुपर्ने ।

## (११) परामर्शदातृ यूनियन

प्रजातान्त्रिक प्रणालीमा दवाब समूहहरुको भूमिका महत्वपूर्ण रहन्छ । अन्य क्षेत्रमा जस्तै निजामती कर्मचारीहरुले पनि संघ वा संगठनको स्थापनाद्वारा आफ्ना हक अधिकार र आवश्यकतालाई संस्थागत रुपमा उजागर गर्ने प्रयत्न गरे प्रजातन्त्रको पुनर्स्थापनासंगै । तर राजनैतिक अपरिपक्वतासंगै आफ्नो दायित्व र कार्यक्षेत्रमा अस्पष्ट रहेका यस्ता दवाब समूहहरु वास्तविक भूमिकाभन्दा वाहिर गए । राजनैतिक आवाजहरु कर्मचारीबाट प्रस्फूटित भए र सेवालाई राजनीतिकरण गर्ने अभ्यास पनि भए । यद्यपि गलत बाटोको करिव करिव परित्याग गरिसकेका छन् यिनीहरुले । तर अभ्यास भइसकेका छैन सही यात्राको । कर्मचारी यूनियन वा यूनियनहरु निजामती सेवाको सुदृढीकरणका खातिर क्रियाशिल रहनुपर्छ । सेवाको व्यवसायीकरण आजको आवश्यकता हो । यसप्रति प्रतिवद्ध रहनुपर्छ यूनियनहरु । निजामती कर्मचारीका सेवा, शर्त र सुविधाहरुमा देखिएका जटिलता उजागर गर्दै कर्मचारीका हितमा शान्तपूर्ण दवाब सृजना गर्नुपर्छ यिनीहरुले । मूलतः निजामती सेवाको उन्नयनका लागि र प्रतिष्ठा अभिवृद्धिका लागि परामर्शदातृका रुपमा रहनुपर्छ कर्मचारी यूनियन ।

## (१२) अन्तर्राष्ट्रिय सम्पर्क

नेपालले अवलम्बन गरेको खुला र उदारवादी राजनैतिक, आर्थिक, सामाजिक व्यवस्थाले विश्व समुदायको ध्यान यसतर्फ खिचिएको छ । अन्य क्षेत्रसंगै मुलुकी प्रशासनका गतिविधि प्रति चासो स्वभाविक रुपमा हुन्छ अन्तर्राष्ट्रिय जगतको । त्यसो त निजामती सेवा वितेका पाँच दशकदेखि अन्तर्राष्ट्रिय सम्पर्कमा छ । निजामती कर्मचारीलाई मित्रराष्ट्रहरुले छात्रवृत्ति दिने, अध्ययन भ्रमणका अवसर प्रदान गर्ने, प्रशासनिक सुदृढीकरणका लागि सहायता प्रदान गर्ने कार्य हुँदैआएको पनि छ । वैदेशिक सहायताको सक्षमतापूर्वक उपयोग नभएको गुनासो आइरहेको अवस्थामा कुशल व्यवस्थापनको प्रत्याभूति दिने अवसर र चुनौति दुवै निजामती सेवालाई रहेको स्पष्ट हुन्छ । त्यसो त निजामती कर्मचारीहरु अन्तराष्ट्रिय नियोगमा समेत कार्यरत छन् । वैदेशिक संस्थाहरुमा काम गर्न गएका निजामती

कर्मचारीको कार्य सम्पादन राम्रो रहेको टिप्पणी पनि गर्ने गरिन्छ । निजामती राष्ट्रसेवकहरुसंगै बसेर दातृ समुदाय वा दाताराष्ट्रका कर्मचारीहरु सल्लाहकार, विशेषज्ञको रुपमा काम गरिरहेका छन् । यस परिवेशमा निजामती कर्मचारीले आफ्नो खुँबी, कौशलता र इमान्दारी प्रदर्शन गर्नसक्नु पर्दछ । मित्रराष्ट्र र अन्तर्राष्ट्रिय समुदायलाई विश्वास दिलाउन सकियो भने नेपालप्रतिको धारणा सकारात्मक हुन्छ भने हामी वैदेशिक सहयोग बढी सेबढी प्राप्त गर्नसक्छौं । अन्तर्राष्ट्रिय क्षेत्रले राजनैतिक व्यवस्थालाईभन्दा पनि व्यवस्थापकीय कुशलतालाई महत्व दिन्छ । नेपालको उपयुक्त राजनैतिक पद्धतिमा व्यवस्थापकीय कूशलता प्रदर्शन भयो भने राष्ट्रिय विकासमा योगदान पुग्नजान्छ ।

## (१३) निष्कर्ष

बहुदलीय प्रजातान्त्रिक पद्धतिमा निजामती सेवा उदार, कूशल, जनमुखी, तटस्थ, प्रतिवद्ध, सन्तुलित रहनु पर्ने तथ्यलाई उल्लिखित विषयवस्तुले प्रष्ट गर्दछन् । आधुनिक व्यवस्थापनको क्षेत्रमा नेपालको निजामती सेवा बामे सरिरहेको छ । सीमित श्रोत र साधनका कारण निजामती सेवाले उच्च महत्वकांक्षा राख्न सक्दैन । अर्कोतिर आर्थिक, सामाजिक, राजनैतिक संक्रमणको अवस्थामा रहेका कारण प्रशासनिक क्षेत्र पूर्ण उन्मुक्त र स्वायत्त हुने अवस्था पनि छैन । परम्परागत कायैशैली र पद्धति माथि एकाएक परिवर्तनको अपेक्षा गर्न पनि सकिदैन । सामाजिक रोगका रुपमा रहेका अनियमितता र भ्रष्टाचार जस्ता विकृतिहरुबाट निजामती सेवामात्र चोखो रहेको मान्न सकिन्न । यस्तो भए तापनि निराशा समस्याको समाधान होइन । सशक्त र प्रभावकारी निजामती सेवा प्रजातान्त्रिक पद्धतिमा मात्र सम्भव हुन्छ । प्रजातान्त्रिक संस्थाहरुको सुदृढीकरणसंगै निजामती प्रशासनमा अपेक्षित परिवर्तन हुनसक्छ । मुलुकमा स्थापित बहुदलीय प्रजातन्त्रको प्रतिफल गाउँघरसम्म पुर्‍याउने प्रशासनिक निकायको रुपमा रहेको निजामती सेवाको भूमिका वृहत्त र महत्वपूर्ण रहेको तथ्यप्रति सबै स्पष्ट हुनुपर्ने खाँचो छ यतिखेर ।

## सन्दर्भ सामाग्री

१) प्रशासन सुधार सुझाव आयोगको प्रतिवेदन, २०४८ ।
२) ढुंगेल द्वारिकानाथ, नेपालको बदुदलीय संसदीय शासन व्यवस्थामा निष्पक्ष र तटस्थ निजामती सेवा, सुशासन वर्ष २, अंक ४ ।

३) "Transparency in the content of Good governance" सचिवस्तरी गोष्ठीमा प्रस्तुत कार्यपत्रहरु, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ।

४) "निजामती कर्मचारी प्रशासन: चुनौति र समाधान"- कार्यशाला गोष्ठीको प्रतिवेदन - राज्यव्यवस्था समिति, प्रतिनिधिसभा र ल्बक्त्र

५) "सार्वजनिक प्रशासनको २५ वर्षे दीर्घकालीन गुरुयोजनाको प्रतिवदेन, सामान्य प्रशासन मन्त्रालय ।